संविधानसभा बहसका लागि

# जानकारीपत्र - २

साउन २०६४

केदार खडका

## परिचय

**नेपालको राजनीतिक इतिहास विगत २३८ वर्षदेखि संकटग्रस्त रह्यो। देशको शासन सञ्चालन परिवार विशेषको निरंकुशताबाट विकसित भएकाले नेपाली जनताले राजनीतिक मूलधारबाट विमुख रहनुपर्‍यो। दमन र उत्पीडनका बाबजुद पनि जनताले देशको राजनीतिमा सहभागिता खोज्दै २००७ सालदेखि संविधानसभाको माध्यमबाट संविधान बनाएर राजनीतिलाई स्थायी रूपमा दिशानिर्देश गर्ने पहल गर्दै आएको भए तापनि निरंकुश राजतन्त्रको षड्यन्त्रबाट सफल हुन सकेको थिएन।**

तर, २०६३ सालको जनआन्दोलन-२ पछि भने देशलाई राजनीतिक प्रयोग भूमिको रूपमा बर्बादी गर्दै आएको राजसंस्थालाई यसपटक संविधानसभाको माध्यमबाट “राख्ने” वा “हटाउने” भन्ने निष्कर्ष निकाल्ने अवसर प्राप्त भएको छ। राजा पनि अरू कुनै विकल्प नपाएपछि संविधानसभामा आउन बाध्य पारिएका छन्। अहिले जनआन्दोलनको बलमा स्थापना भएको संसद्ले संविधानसभाको निर्वाचन गर्ने ऐतिहासिक निर्णय गरिसकेको छ। त्यसैले विद्यमान संकट समाधानको लागि आसन्न संविधानसभालाई सबैतिरबाट सहयोग पुर्‍याएर सफल बनाउनुपर्ने दायित्व आम नेपाली जनतामा आएको छ।

अहिले अधिकांश नागरिकका लागि **“संविधानसभा”** नौलो विषय भएकाले बुझ्न र बुझाउन कठिन भइरहेको छ। त्यसैले संविधानसभाका बारेमा थोरै भए तापनि बुझ्न र यसका बारेमा **“साझा बुझाइ”** को विकास गर्न आ-आफ्नो क्षेत्रबाट यस बारेमा बहस, छलफल र



**यसलाई संविधानसभाको बारेमा छोटकरीमा बुझ्ने *"तत्कालको साथी"* को रूपमा लिन सकिन्छ ।**

संवादको थालनीलाई तीव्रता दिन यो ***"संविधानसभाको बहसका लागि जानकारीपत्र"*** तयार गरिएको हो । यसलाई संविधानसभाको बारेमा छोटकरीमा बुझ्ने ***"तत्कालको साथी"*** को रूपमा लिन सकिन्छ ।

## संविधानसभा के हो ?

नेपालमा हुन लागेको संविधानसभाको निर्वाचन यसअघि भएका निर्वाचनभन्दा नौलो र छुट्टै प्रकृतिको छ । नयाँ संविधान बनाउन जनताले **"प्रत्यक्ष"** वा **"अप्रत्यक्ष"** मतदानबाट निर्वाचित प्रतिनिधिद्वारा संविधान निर्माण गर्ने माध्यम संविधानसभा हो । अर्को अर्थमा देशको मूल कानुनको रूपमा रहने संविधान निर्माण गर्न राष्ट्रियस्तरमा गठन गरिएको निकायलाई **"संविधानसभा"** भनिन्छ । अनि, जनताले आफूलाई शासन गर्न आफ्ना प्रतिनिधिद्वारा संविधान बनाउने प्रक्रियालाई पनि संविधानसभा भनिन्छ । यो अस्थायी प्रकृतिको भए तापनि यसलाई संविधान निर्माण गर्ने एक राष्ट्रिय अंगको रूपमा स्वीकार गरेको पाइन्छ । यस्तो सभाको उद्देश्य देशको लागि नयाँ संविधान निर्माण गर्नु रहेको हुन्छ ।

संविधानसभामा धेरै व्यक्तिको सहभागिता रहने भएकोले यसलाई **"सभा"** भनिएको हो । यस्तो सभामा कति सदस्य संख्या रहनुपर्छ भन्ने कुनै निश्चित मापदण्ड अहिलेसम्म बनेको पाइदैन । यसका लागि देशको तत्कालीन राजनीतिक, सामाजिक, आर्थिक र भौगोलिक स्थितिको आधारमा निर्क्यौल गर्नुपर्ने हुन्छ । साथै संविधानसभामा रहने व्यक्ति **"निर्वाचन"** वा **"मनोनयन"** कुन पद्धतिलाई आधार मानेर छान्ने हो भन्ने कुराको पनि निश्चित नियम छैन । तर, विश्वमा भएका अभ्यास हेर्दा निर्वाचन पद्धतिबाट छानिएका सदस्यहरूद्वारा निर्मित संविधान बढी स्थायी, प्रभावकारी हुनुका साथै जनतामा संविधानप्रति अपनत्वको भावना बढी भएको पाइएको छ । विगतमा मनोनयन पद्धतिबाट छानिएका व्यक्तिहरूबाट निर्मित संविधानको वैधतामाथि प्रश्न उठेको थियो । त्यसैले यस पटक प्रत्यक्ष निर्वाचन पद्धति अपनाएर गठन हुने संविधानसभाबाट बनाइने आगामी संविधानलाई आम सहमतिको दस्तावेजको रूपमा नेपाली जनताले स्वीकार्नेछन् भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

## नेपालमा संविधानसभा किन ?

२०४७ सालको संविधान कार्यान्वयनमा आएको केही वर्षपछिदेखि नै जटिल बन्दै गएको नेपालको राजनीतिक समस्या तत्कालीन संवैधानिक संरचनाबाट समाधान हुन नसकेपछि मुलुक संविधानसभातर्फ अग्रसर भएको हो । राज्य व्यवस्थाको निर्धारण गर्दा राज्यको स्वरूपजस्तै ***"एकात्मक"***, ***"संघात्मक"*** वा ***"गणतन्त्रात्मक"*** कस्तो हुने ?, जनतामाथि कसले कसरी शासन गर्ने ?, नागरिकको अधिकार र कर्तव्य के हुने ?, कानुन कसले कसरी बनाउने ?, न्याय कसले कसरी प्रदान गर्ने ?, राज्यको स्रोत र साधनको बाँडफाँट कसरी गर्ने ?, निजामती कर्मचारी, सेना तथा प्रहरीको व्यवस्थापन कसरी गर्ने ?, राष्ट्रको आयव्यय र वैदेशिक नीति कसले कसरी सञ्चालन गर्ने ?, अधिकार र कर्तव्यको स्थिति कस्तो हुने ?, राष्ट्रिय झन्डा, राष्ट्रिय गान तथा राष्ट्रिय निसाना कस्तो हुने ? भन्ने लगायतका कुराहरूको निर्क्योल संविधानसभाले गर्नुपर्ने हुन्छ ।

यसका लागि देशमा विद्यमान अन्तरिम संविधान २०६३ मा समसामयिक संशोधन र परिवर्तन गरेर पनि नयाँ संविधानको निर्माण गर्न सकिन्छ । तर संविधानसभाको गठन गरेर समयसापेक्ष संविधान निर्माण गर्दा जनताको सार्वभौमसत्तासहितको संविधान निर्माण हुनुका साथै ***"आफ्नो लागि आफैंले बनाएको आफ्नो संविधान"*** प्रति अपनत्व र स्वामित्वको भावना बलियो हुने भएकाले नयाँ नेपाल निर्माणका लागि संविधानसभा चाहिएको हो । यो निर्वाचनको उद्देश्य सरकार बनाउने,

## संविधान के हो ?

विद्वान प्राध्यापक डायसीले "देशको सार्वभौमसत्ता कसमा निहित छ र कसरी त्यसको प्रयोग गरिन्छ भन्ने तथ्यलाई स्पष्ट पार्ने नियमहरूको प्रणाली नै संविधान हो" भनेका छन् । साथै संविधानलाई देशको मूल कानुन मान्दै आइएको छ । समय परिवर्तनसँगै संविधानलाई देशको सामाजिक, आर्थिक तथा सांस्कृतिक प्रणालीको प्रतिबिम्बको जनघोषणापत्रको रूपमा पनि लिने गरिएको छ । साथै संविधान लिखित दस्तावेज भएकाले यसैको आधारमा देशको नियम कानुन बन्नुको साथै राजनीतिक प्रणालीसमेत स्थापना भएको हुन्छ । छोटकरीका बुझ्नुपर्दा संविधानले:

- राज्यको संरचनालाई परिभाषित गर्नुका साथै कानुनी संरचनाको लागि आधारभूमि तयार गरिदिन्छ ।
- राज्यको संरचनालाई अधिकार दिने र सिमाना तोकिदिन्छ ।
- नागरिकको अधिकार र कर्तव्यलाई व्यवस्थित रूपमा उल्लेख गर्दछ ।

मन्त्री बन्ने, राज्य व्यवस्था सञ्चालन गर्ने मात्र नभै नेपालको लागि नयाँ संविधान बनाउनु हो। त्यसैले संविधान निर्माण भएपछि यसको अस्तित्व स्वत: समाप्त हुन्छ।

## संविधानसभाबाट नयाँ संविधान बनाउने प्रक्रिया कस्तो हुन्छ ?

संविधानसभाबाट नयाँ संविधान बनाउने प्रक्रिया ज्यादै जटिल हुन्छ। यो प्रक्रिया मुलुकका सम्पूर्ण नागरिकको प्रत्यक्ष र अप्रत्यक्ष संलग्नताबाट सम्पन्न गरिने भएकाले समयसमयमा कठोर निर्णय लिँदै होशियारीपूर्वक अगाडि बढ्नुपर्ने हुन्छ। संविधान निर्माणका क्रममा धेरै मतभेदहरू आउन सक्छन्। कतिपय बुँदाहरूमा जनमतसंग्रह गर्नुपर्ने अवस्था पनि आउन सक्छ। साथै विभिन्न समूहहरूसँग छलफल गरी सहमतिमा पुग्नुपर्ने हुन्छ। त्यसैले सबै क्षेत्रका प्रतिनिधिहरूको संलग्नतामा लेखिने संविधान तयार भएपछि जनमतसंग्रहको माध्यमबाट पनि नयाँ संविधान पारित गरेको अन्तर्राष्ट्रिय उदाहरणहरू छन्।

## नेपालमा संविधानसभा गठनको स्वरूप कस्तो छ ?

नेपालको अन्तरिम संविधान २०६३ को पहिलो संशोधनमा संविधानसभा सदस्यको चयन ***"समान जनसंख्या र भौगोलिक अनुकूलता तथा विशिष्टता"*** का आधारमा र ***"मधेसमा जनसंख्या प्रतिशत"*** को आधारमा कानुनमा व्यवस्था भएबमोजिम ***"मिश्रित निर्वाचन प्रणाली"*** अनुरूप निर्वाचित र मनोनयन हुने व्यवस्था गरिएको छ। प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी २०५८ सालमा गरिएको राष्ट्रिय जनगणनाबाट आएको जनसंख्याको आधारमा ***"निर्वाचन क्षेत्र निर्धारण आयोग"*** ले निर्धारण गरेबमोजिम निर्वाचन क्षेत्रबाट १/१ जनाका दरले बढी मत ल्याउनेले जित्ने सदस्य निर्वाचित हुने व्यवस्था गरिएको छ।

साथै समावेशी सिद्धान्तअनुरूप ***"सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र"*** मानी राजनीतिक दललाई मत दिने ***"बन्द सूचीमा आधारित समानुपातिक"*** निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने सदस्य पनि संविधानसभाको सदस्य रहनेछन्। निर्वाचित हुने सदस्यहरूको संख्या निर्वाचन क्षेत्र निर्धारण आयोगले तोकेबमोजिम हुने व्यवस्था गरिएको छ। मधेसी ३१.२%, उत्पीडित जाति/आदिवासी जनजाति ३७.८%, दलित १३%, पिछडिएको क्षेत्र ४% र अन्यका लागि ३०.२% सिट छुट्याइएको छ। जसबाट महिलाको ५०% प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था गरिएको छ। त्यसैगरी राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान पुर्‍याएका विशिष्ट व्यक्तिमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनयन हुने **"१७ जना"** पनि संविधानसभाका सदस्य तोकिने व्यवस्था गरिएको छ। साथै वर्तमान संविधानअनुसार संविधानसभाको पहिलो बैठक निर्वाचनको अन्तिम परिणाम सार्वजनिक भएको मितिले २१ औं दिनमा बस्ने व्यवस्था गरिएको छ। यसरी निर्वाचित संविधानसभाको कार्यकाल दुई वर्षको हुनेछ। तर, असहज परिस्थिति उत्पन्न भएमा बढिमा ६ महिनासम्म थप्न सकिनेछ। अनि, संविधानसभाले पारित गरेको नयाँ संविधान लागू भएको मितिदेखि संविधानसभाको अवधि समाप्त हुनेछ।

**संविधानसभामा धेरै व्यक्तिको सहभागिता रहने भएकोले यसलाई "सभा" भनिएको हो।**

## मिश्रित निर्वाचन प्रणाली भनेको के हो ?

विश्वका विभिन्न मुलुकले आ–आफ्नो देशको विशिष्ट पहिचान, आवश्यकता र सहमतिअनुसार नयाँ संविधान निर्माणका लागि फरकफरक चुनाव प्रणाली अपनाएको पाइन्छ। नेपालमा पनि जनआन्दोलन–२ को सफलतापछि संविधानसभाको चुनाव मुलुकको प्रमुख एजेन्डा बनेको छ। सोहीअनुसार संविधानसभा निर्वाचनको लागि *"मिश्रित निर्वाचन प्रणाली"* अपनाउने व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ मा गरिएको छ।

मिश्रित निर्वाचन प्रणाली अपनाएर गरिने संविधानसभाको निर्वाचनमा प्रत्येक मतदातालाई *"उम्मेदवार"* र *"राजनीतिक दल"* लाई मत दिने राजनीतिक व्यवस्थालाई मिश्रित निर्वाचन प्रणाली भनिन्छ। यसमा दुई प्रणाली जस्तै: (१) सबैभन्दा बढी मत ल्याउने निर्वाचित हुने प्रणाली, र (२) सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी समानुपातिक सूचीमा आधारित भएर राजनीतिक दललाई मत दिने निर्वाचन प्रणाली। यस्तो मिश्रित प्रणालीमा सामान्यतया मतदातालाई दुईवटा मताधिकार रहन्छ। साथै मिश्रित निर्वाचन प्रणालीमा प्रत्येक मतदातालाई ***"उम्मेदवार" र "राजनीतिक दल"*** लाई मत दिने अवसर हुन्छ। यसलाई बहुमत प्रणाली र समानुपातिक प्रणालीको मिश्रित रूप पनि भन्न सकिन्छ।

## सबैभन्दा बढी मत ल्याउने निर्वाचित हुने निर्वाचन प्रणाली कस्तो हुन्छ ?

अन्तरिम संविधानमा व्यवस्था गरिएअनुसार निर्वाचन क्षेत्र निर्धारण आयोगले तय गरेको निर्वाचन क्षेत्रबाट सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारले जित्ने निर्वाचन प्रणालीलाई ***"सबैभन्दा बढी मत ल्याउने निर्वाचित हुने निर्वाचन प्रणाली"*** भनिन्छ। यसरी निर्वाचन जित्ने उम्मेदवार नै संविधानसभाको सदस्यमा निर्वाचित भएको घोषणा निर्वाचन आयोगले गर्न सक्नेछ। साथै पहिलो निर्वाचित हुने प्रणालीअनुसार राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्नेछ।

# सबैभन्दा बढी मत ल्याई निर्वाचित हुने निर्वाचन प्रणाली

| सकारात्मक पक्ष | नकारात्मक पक्ष |
|---|---|
| • यो मतदाताले सहज र सरलरूपमा बुझ्ने निर्वाचन प्रणाली हो।<br>• निर्वाचित प्रतिनिधि र मतदाताबीचको सम्बन्ध राम्रो हुन्छ। दलहरूले उठाएका आफूलाई मन परेका उम्मेदवारलाई मत हाल्न सजिलो हुन्छ।<br>• संसद्मा सशक्त प्रतिपक्ष जन्माउँछ। यसबाट नयाँ सरकार बन्ने विकल्प रहिरहन्छ।<br>• एकदलीय सरकारको सम्भावना जन्माउँछ। निर्णय प्रक्रिया सजिलो हुन्छ।<br>• फराकिलो आधार भएका राजनीतिक दलहरूलाई प्रोत्साहन दिन्छ।<br>• अतिवादी दललाई संसदीय प्रतिनिधित्व गराउनबाट वञ्चित गराउँछ।<br>• निश्चित क्षेत्रको प्रतिनिधित्व हुन सक्नेछ।<br>• मतदातालाई दलहरूमध्ये छान्नुको सट्टा मन परेको उम्मेदवार छनोट गर्ने विकल्प हुन्छ।<br>• यस प्रणालीबाट लोकप्रिय स्वतन्त्र उम्मेदवारले निर्वाचन जित्न सक्छन्। | • अल्पसंख्यक दल र जातिहरूको उचित प्रतिनिधित्वबाट वञ्चित राख्दछ।<br>• महिलाहरूलाई प्रतिनिधित्वबाट बाहिर पार्ने प्रवृत्ति देखिन्छ।<br>• यस प्रणालीअन्तर्गत वंश, जाति, क्षेत्रको आधारमा राजनीतिक दलहरूको विकास हुन्छ।<br>• यसले क्षेत्रीयवादलाई बढी बढावा दिन्छ।<br>• ठूलो संख्यामा मत खेर जान्छ।<br>• यो प्रणाली जनमतमा आएको परिवर्तनप्रति संवेदनशील हुँदैन।<br>• क्षेत्रीय सीमाना निर्धारणमा जालझेल हुने सम्भावना रहन्छ।<br>• अमूक दल समर्थित प्रशासनले निर्वाचनमा धाँधली गर्ने सम्भावना रहन्छ।<br>• आर्थिक प्रलोभनमा मतदातालाई आफ्नो पक्षमा मत खसाल्न विवश पारिन्छ। |

## सबैभन्दा बढी मत ल्याएर निर्वाचन जित्ने उम्मेदवारलाई मत दिंदा ध्यान दिनुपर्ने कुराहरू:

सामाजिक रूपमा स्वच्छ र इमानदार रहेको, उम्मेदवार हुनुभन्दा अघि आफ्नो सम्पत्ति सार्वजनिक गरेको, विगतमा सार्वजनिक सम्पत्तिको दुरुपयोग नगरेको र कुनै पनि अपराधमा संलग्न नभएको, राज्य तथा वित्तसंस्थाको ऋणमा नडुबेको, विगतमा संसद् सुविधा दुरुपयोग नगरेको, भ्रष्टाचारको आरोपमा मुद्दा खेपी नरहेको, र मानवअधिकारविरुद्धको अपराधमा संलग्न नभएको उम्मेदवारलाई मत दिनुपर्दछ।

## पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको **मतपत्रको ढाँचा**

| उम्मेदवारको निर्वाचन चिन्ह र मत संकेत गर्ने कोठा | उम्मेदवारको निर्वाचन चिन्ह र मत संकेत गर्ने कोठा |
|---|---|
| | |
| | |
| | |

*मत दिने कोठामा चिन्ह लगाइसकेपछि तोकिएको मतपेटिकामा यो मतपत्र खसाल्नुपर्नेछ।*

## राजनीतिक दललाई मत दिने सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणाली कस्तो हुन्छ ?

सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी समानुपातिक सूचीमा आधारित भएर राजनीतिक दललाई मत दिने व्यवस्थालाई ***"समानुपातिक निर्वाचन प्रणाली"*** भनिन्छ। यस्तो अभ्यास अहिले ७० भन्दा बढी मुलुकहरूमा भइरहेको छ। यस्तो प्रणालीअन्तर्गत सम्बन्धित राजनीतिक दलले मुलुकभरबाट प्राप्त गरेको कुल सदर मतसंख्याको अनुपातमा सो दलले आयोगमा समानुपातिक रूपमा पेस गरेको बन्दसूचीमा नाम सूचीकृत भएका उम्मेदवारमध्येबाट राजनीतिक दलले नाम सिफारिस गरेको आधारमा संविधानसभाका लागि दलको तर्फबाट सदस्यमा निर्वाचित भएको घोषणा निर्वाचन आयोगले गर्नेछ। उदाहरणको लागि कुनै दलले यो निर्वाचन प्रणालीअनुसार ३० प्रतिशत मत प्राप्त गर्‍यो भने सो दलले ३० जना बन्द सूचीमा नाम परेका मध्येबाट सम्बन्धित दलको सिफारिसमा संविधानसभा सदस्य निर्वाचित हुनेछ।

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत निर्वाचनमा जानुअघि संविधानसभामा निर्वाचित हुनका लागि सम्बन्धित दलले आफ्नो दलको तर्फबाट उठाइने उम्मेदवारको नामसहितको "बन्द सूची" *(यहाँ खाम बन्द भन्न खोजिएको होइन। निर्वाचनसम्बन्धी ऐनमा तोकिएबमोजिम तयार गरिएको सूचीमा पछि नाम थपघट गर्न नसकिने भनिएको हो)* तयार गरेर निर्वाचन आयोगमा बुझाइएको हुन्छ। यसरी सूची तयार गर्दा (१) महिला (२) दलित (३) उत्पीडित जाति/आदिवासी जनजाति (४) पिछडिएको क्षेत्र (अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला) (५) मधेसी, र (६) अन्य (बाहुन, क्षेत्री, ठकुरी तथा चुरौटे) वर्गसमेत समानुपातिक प्रतिनिधित्व हुने गरी बन्द सूची तयार गर्न सकिन्छ। अहिले नेपालमा समानुपातिक निर्वाचनका लागि उम्मेदवारहरूको समावेशी सूची **"जनसंख्याको अनुपात"**को आधारमा तय गरिएको छ।

## समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत सूची प्रणाली भनेको के हो ?

समानुपातिक निर्वाचन प्रणाली अपनाएर मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दलहरूले समाजका सबै समुदाय, वर्ग र जातजातिको प्रतिनिधित्व हुने गरी निर्वाचन आयोगमा आफ्ना उम्मेदवारहरूको नाम पेस गर्ने राजनीतिक प्रक्रियालाई **"सूची प्रणाली"** भनिन्छ । समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत गरिने निर्वाचनमा दलहरूले निर्वाचन अगाडि नै आफ्ना उम्मेदवारहरूको सूची प्रकाशित गर्नु हो । अहिले मुख्य रूपमा **"खुला सूची"** र **"बन्द सूची"** प्रणाली प्रचलनमा रहेका छन् ।

## समानुपातिक निर्वाचन प्रणाली

| सकारात्मक पक्ष | नकारात्मक पक्ष |
|---|---|
| • सबै दलहरूको राम्रो प्रतिनिधित्व हुने । साना दलहरूका लागि राम्रो हुने ।<br>• कम मतपत्र खेर जाने र मतदान प्रभावकारी हुने, मत खसाल्दा बढी इमानदारिता प्रोत्साहित हुने । सबै निर्वाचन क्षेत्रहरू प्रतिस्पर्धी बन्ने ।<br>• पहिलो हुनेले जित्ने जस्तो एकले अर्काको भोट काट्ने सम्भावना नरहने ।<br>• मतदातालाई बढी छनोटको अवसर हुने भएकाले बहुदलीयतालाई फाइदा पुग्ने ।<br>• जातीय अल्पसंख्यकहरूको राम्रो प्रतिनिधित्व हुन सक्ने ।<br>• विधायिका प्रतिनिधिमूलक हुने भएकाले नागरिकको पहुँच बढ्ने, चुनावी अभियान शिष्ट र स्पष्ट हुने, दलहरूमा नीतिगत स्पष्टता आउने ।<br>• नकारात्मक चुनावी अभियान कम हुने, साँच्चिकै बहुमतको शासन हुने ।<br>• राजनीतिक सन्तुष्टि बढ्ने, मतदाताको संख्या पनि बढ्ने र अतिवाद नियन्त्रित हुने । | • राजनीतिक खेलाडीहरू धेरै हुने भएकाले गठबन्धन अस्थिर हुन सक्ने ।<br>• साना दलहरूले धेरै सदस्य जितेर फाइदा लिन सक्ने ।<br>• निर्वाचन अभियान महँगो हुन सक्ने ।<br>• भौगोलिक क्षेत्रको प्रतिनिधित्व कम र जाति, भाषा र लिंगको प्रतिनिधित्व बढी हुने ।<br>• मतदाता, निर्वाचन क्षेत्र र प्रतिनिधिबीचको सम्बन्ध कमजोर हुने ।<br>• प्रशासनिक जटिलता र खर्च बढ्न सक्ने ।<br>• दलहरूले मात्रै प्रतिस्पर्धा गर्ने भएकाले व्यक्तिको भूमिका गौण हुने । |

## समानुपातिक बन्द सूची निर्वाचन प्रणालीअन्तर्गत राजनीतिक दललाई मत दिंदा ध्यान दिनुपर्ने कुराहरू:

लोकतान्त्रिक बहुदलीय प्रतिस्पर्धी राजनीतिक सिद्धान्त अँगालेको, दलभित्र नेतृत्वको चयन गर्दा आन्तरिक लोकतन्त्रको अभ्यास भएको, समावेशी सिद्धान्तलाई आत्मसात् गरेको, भ्रष्टाचारविरुद्ध प्रतिबद्ध भई भ्रष्टहरूलाई निर्वाचनमा नउठाएको र दलको आम्दानी तथा खर्चको हिसाबकिताब पारदर्शी राखेको दललाई आफ्नो मत दिनुपर्दछ ।

## समानुपातिक निर्वाचन प्रणालीको **मतपत्रको ढाँचा**

| राजनीतिक दलको निर्वाचन चिन्ह र मत संकेत गर्ने कोठा | राजनीतिक दलको निर्वाचन चिन्ह र मत संकेत गर्ने कोठा |
|---|---|
| | |
| | |
| | |

*मत दिने कोठामा चिन्ह लगाइसकेपछि तोकिएको मतपेटिकामा यो मतपत्र खसाल्नुपर्नेछ ।*

## खुला सूची भनेको के हो ?

विशेषगरी युरोपियन मुलुकहरूमा ***"खुला सूची"*** बढी प्रचलनमा रहेको छ । खुला सूचीमा निर्वाचनपछि सम्बन्धित दलले पाएको मत प्रतिशतको आधारमा दलहरूले निर्वाचित उम्मेदवार तोक्दछन् । तर यस्तो निर्वाचन पद्धतिमा मतदाताले दललाई मात्र महत्त्व नदिएर उम्मेदवारको मूल्यांकन गरेर पनि आफ्नो मत दिन सक्छन् । यसमा मतदातालाई आफ्नो उम्मेदवार को हो भन्ने जानकारी हुन्छ । तर यसबाट दलभित्र अस्वस्थ प्रतिस्पर्धा र विभाजन चलिरहन्छ । यसको ज्वलन्त दुष्परिणाम श्रीलंकाको तत्कालीन निर्वाचनमा सिंहाली दलहरूले भोग्नुपरेको थियो । ती दलहरूले आ–आफ्नो खुला सूचीमा केही तामिल नेताहरूको नाम विजयी हुन सक्ने स्थानमा माथि राखेका थिए तर सिंहाली मतदाताहरूले तल नाम राखिएका आफ्ना जातिका सिंहाली उम्मेदवारलाई नै मत दिएर तामिलहरूलाई चिढ्याउने काम गरेका थिए । त्यसपछि श्रीलंकामा गृहयुद्ध सुरु भएको थियो ।

## बन्द सूची भनेको के हो ?

सिंगो मुलुकलाई एक निर्वाचन क्षेत्र मानेर राजनैतिक दलहरूले विभिन्न वर्ग, समुदायलगायत पिछडिएको क्षेत्रको समेत समानुपातिक प्रतिनिधित्व हुने गरी प्राथमिकता तोकेर तयार गरी निर्वाचन आयोगमा आफ्ना उम्मेदवारहरूको नाम पेस गर्ने सूचीलाई ***"बन्द सूची"*** भनिन्छ । यसमा उम्मेदवारको नामावली पहिले नै प्रकाशित गरिन्छ । साथै त्यस्तो बन्द सूचीमा नाम समावेश भएको उम्मेदवार कुन वर्गबाट प्रतिनिधित्व गराइएको हो भन्ने कुरा स्पष्ट गर्नुपर्दछ । यसरी पेस गरिएको **"बन्द सूची"** संविधानसभाको कार्यकालभर कायम राख्न सकिन्छ ।

# बन्द सूची निर्वाचन प्रणाली

| सकारात्मक पक्ष | नकारात्मक पक्ष |
|---|---|
| • संसद्मा साना दलहरूको प्रतिनिधित्व बढ्न सक्छ ।<br>• मतदाताहरूमा मत खसाल्ने प्रबल इच्छा हुन्छ ।<br>• दलहरूले थोरै मत प्राप्त गरेर पनि संसद्मा प्रतिनिधित्व पठाउने सम्भावना बढ्ने, यसबाट समावेशी सिद्धान्तको पालना हुने ।<br>• दलहरूलाई उम्मेदवारको सूची बनाउँदा सबैलाई समेट्न र समाजका सबै वर्गलाई समावेश गर्न उत्प्रेरित गर्ने ।<br>• अल्पसंख्यक समुदाय, संस्कृति र समूहको प्रतिनिधित्व सुनिश्चित हुने ।<br>• निश्चित प्रतिशत महिलाहरूको समावेश गर्नुपर्ने भएकाले उनीहरूको प्रतिनिधित्व बढ्ने ।<br>• सक्षम संविधानसभाको गठन सम्भव हुने ।<br>• गठन भएको संविधानसभामा साझेदारीको भावना बढी हुने ।<br>• यस्तो प्रणाली अवलम्बन गर्दा उपनिर्वाचन गरिरहनु नपर्ने । | • यसबाट संयुक्त सरकारको गठन हुने भएकाले विधायिकामा अन्योल आउँछ र निर्णय प्रक्रिया ढिलो हुन सक्छ ।<br>• यस प्रणालीबाट विजयी भएका उम्मेदवारहरूको चुनाव क्षेत्रप्रति आकर्षण नहुने । दलको केन्द्रीय कार्यालयमा शक्ति केन्द्रित हुने र ठूला नेताहरू शक्तिशाली हुन सक्ने ।<br>• दलहरूमा विभाजन र विचलन आउन सक्ने भएकाले साना दलहरूले ठूला दलहरूलाई अप्ठेरो पार्न सक्ने ।<br>• अतिवादी दलहरूको लागि यो प्रणाली खेल्ने ठाउँ हुन सक्ने ।<br>• दलहरू एकअर्कामा आश्रित हुन जाने । संयुक्त सरकार भएमा कमजोर दलहरू पनि सत्तामा टिकिरहने सम्भावना हुने ।<br>• यस्तो प्रणाली स्थानीय निर्वाचनका लागि प्रयोग गर्न नसकिने । स्थानीय निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने प्रणाली नै प्रयोग गर्नुपर्ने हुन सक्ने ।<br>• मतदाताले आफ्नो उम्मेदवार नठम्याइकन मत दिनुपर्ने बाध्यता हुने । यसबाट कहिलेकाहीं गलत उम्मेदवारले जित्न सक्ने सम्भावना रहने । |

## समानुपातिक निर्वाचन प्रणालीअनुसार राजनीतिक दलले निर्वाचन आयोगमा पेस गर्ने "बन्द सूची" अन्तर्गत उम्मेदवारको नाम सूचीकृत गर्ने फारामको नमुना:

| क्रम संख्या | उम्मेदवारको नाम | मधेसी ३१.२% | | उत्पीडित जाति/ आदिवासी जनजाति ३७.८% | | दलित १३% | | पिछडिएको क्षेत्र ४% | | अन्य ३०.२% | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| जम्मा: | | | | | | | | | | | |
| प्रतिशत: | | | | | | | | | | | |

### समावेशी लोकतन्त्र भनेको के हो ?

छोटकरीमा समावेशी लोकतन्त्र भनेको राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा सबैको पहुँच सुनिश्चितता हुनु हो । अनि, यो जनताको, जनताका लागि र जनताद्वारा गरिने शासन हो । यसमा सार्वभौम जनताद्वारा चुनिएका प्रतिनिधिहरूबाट शासन सञ्चालन हुन्छ । साथै राज्यको मूलप्रवाहमा समावेश नभएका, नपारिएका वा नगराइएका तथा आर्थिक, सामाजिक र राजनीतिक दृष्टिले पछि परेका वर्ग र समुदायलाई लक्षित गरेर विशेष नीति र योजनाअन्तर्गत उनीहरूको पहुँचलाई सुनिश्चित गर्ने कुरालाई समावेशी लोकतन्त्र भनिन्छ । यो अवधारणाको अवलम्बनबाट पछाडि पारिएका वर्ग र समुदायको पहिचान, प्रतिनिधित्व र पहुँच बढाउन तदनुरूप राज्यको कानुनी संरचनामा नै परिवर्तन गरेर व्यवस्थित गर्नु आवश्यक हुन्छ ।

### राज्यको पुन:संरचना भनेको के हो ?

नेपालको विद्यमान राजनीतिक, सामाजिक, आर्थिक एवं भौगोलिक सम्बन्धको संरचनालाई नयाँ ढंगले खाका तयार गरेर राजनीतिक तथा प्रशासनिक प्रणालीको विकास प्रक्रियालाई राज्यको पुन:संरचना गर्ने भन्ने रूपमा बुझिन्छ । यसले राज्य र राज्यसत्ताको संरचना, स्वरूप र चरित्रमा परिवर्तन ल्याउँछ । अनि, भौगोलिक, शक्ति संरचना र सम्बन्धलाई नयाँ तरिकाले व्याख्या पनि गर्दछ । साथै यसले स्थानीय नागरिक तथा संस्थाहरूलाई

शक्ति सम्पन्न गर्दछ। राज्यको स्रोतसम्म सबै जातजातिलगायत वर्गको पहुँच बढाएर समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न राज्यको पुन:संरचना आवश्यक भएको हो।

## संविधानको महत्त्व के मा हुन्छ ?

**देशको असल संविधानले राजनीतिक अस्थिरता र अन्योललाई कानुनी निकास दिन मद्दत गर्दछ। साथै संविधानले मुलुकको ऐन कानुन र सरकार परिवर्तन गर्ने राजनीतिज्ञहरूको क्षमतालाई सीमित राख्नुका साथै उनीहरूलाई संयमित र व्यवस्थित गर्न मद्दत गर्न र नागरिक अधिकारको संरक्षण पनि गर्दछ।**

## संघीय शासन व्यवस्था भनेको के हो ?

नेपालको अन्तरिम संविधान २०६३ ले मुलुकमा संघीय शासन व्यवस्थामा जाने तय गरेको छ। विभिन्न संघीय एकाइहरू मिलेर बनेको शासनलाई *"संघीय शासन व्यवस्था"* भनिन्छ। संघीय राज्यको निर्माण भिन्नभिन्न प्रदेश वा राज्यहरू मिलेर संघीय राज्य व्यवस्था चलेको हुन्छ। यस्तो शासन व्यवस्थामा केन्द्र र विभिन्न राज्य गरी दुई प्रकारका सरकारहरू स्थापित भएका हुन्छन्। यसरी बनेका सरकारहरूको समान हैसियत हुन्छ। त्यसैले संघीय राज्यमा संघात्मक संविधान निर्माण गरिएको हुन्छ। तर, संघीय राज्यहरूको केन्द्र सरकारले राष्ट्रको शान्ति सुरक्षा, विदेशी राष्ट्रसँगको सम्बन्ध र पैसा छाप्ने काम गर्दछ। प्रान्तीय राज्यहरू प्रादेशिक अवस्था, जातीय सघनता, धार्मिक सम्बन्ध, आर्थिक, सामाजिक विकास र जनसंख्याको आधारमा संघ राज्यहरू बनेको पाइन्छ। उदाहरणको लागि भारत, अमेरिका, जर्मनी र स्विट्जरल्यान्डलाई लिन सकिन्छ।

सक्छ। यसरी निर्माण गरिएको संविधानलाई जनताले आफ्नो भन्न सक्ने अवस्था रहन्न। त्यसैले आगामी मंसिर ६ गते हुन लागेको संविधानसभाको चुनावमा समाजका सबै तह र तप्काका जनताको संलग्नता अपरिहार्य हुन्छ।

जनताको घनिभूत सहभागिता रहेमा मात्रै "**जनताद्वारा बनाइएको संविधान**" भन्न सकिन्छ, यो सर्वस्वीकार्य पनि हुन्छ। साथै संविधानसभाका लागि प्रतिनिधि छनोट गर्दा भयमुक्त वातावरणको सिर्जना हुनुपर्दछ। अनि, संविधानसभाको चुनाव हुनु पाँच-छ महिनाअघिदेखि नै शान्तिपूर्ण वातावरणको सिर्जना हुनु जरुरी छ। यसका लागि सबै सचेत नागरिकबाट पहल र पैरवी सुरु गर्न ढिलो गर्नु हुँदैन।

## संविधानसभाको बारेमा किन चासो राख्नुपर्छ ?

आम जनताले संविधानसभा सदस्यको निर्वाचन प्रक्रियामा सक्रिय रूपमा भाग लिएनन् भने जनअपेक्षित र सर्वस्वीकार्य संविधान बन्ने कुरामा विश्वस्त हुन सकिन्न। जनताले संविधानसभा सदस्यको छनोटको क्रममा असहभागिता र निष्क्रियता देखाए भने अक्षम, भ्रष्टाचारी र अपराधीहरू चुनिएर आउने सम्भावना हुन्छ। यस्ता व्यक्तिहरूको झुन्डद्वारा निर्मित संविधान मौलिकताविहीन भ्रमको शब्दजालमात्र हुन

**सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारले जित्ने निर्वाचन प्रणालीलाई "सबैभन्दा बढी मत ल्याउने निर्वाचित हुने निर्वाचन प्रणाली" भनिन्छ।**

## संविधानसभाको निर्वाचनमा मताधिकारको प्रयोग गर्न के गर्नुपर्छ ?

आफ्नो क्षेत्रमा उम्मेदवार हुन चाहनेहरूका बारेमा सक्दो जानकारी राख्नुपर्दछ। उनीहरू कस्तो संविधान बनाउन चाहन्छन् भन्ने कुरा बुझ्नु पनि जरुरी छ। साथै आफूलाई मनले खाएको उम्मेदवार र पार्टीलाई मात्र आफ्नो अमूल्य मत दिने वातावरण तयार गर्न लागी पर्नुपर्दछ। अनि, संविधानसभाको निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण बनाउनका लागि होसियार पनि रहनुपर्दछ। आफ्नो क्षेत्रमा सञ्चालित निर्वाचन प्रचारप्रसारको अभियान र निर्वाचन अनुगमनमा बाधा पुऱ्याउने तत्त्वका विरुद्ध तत्काल आवाज उठाउन पनि तम्तयार भएर बस्नुपर्दछ।

## संविधान निर्माण प्रक्रियामा कसरी योगदान गर्न सकिन्छ ?

संविधानसभाको निर्माण प्रक्रियामा देशका हरेक नागरिकले महत्त्वपूर्ण योगदान गर्न सक्छन्। नयाँ संविधान निर्माणको सम्पूर्ण प्रक्रियामा आफ्नो धारणा, संलग्नता र चासो देखाएर निष्पक्षताको वकालत पनि गर्न सकिन्छ। संविधानसभाको निर्वाचनमा भाग लिने पार्टीले उठाउने

**सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी समानुपातिक सूचीमा आधारित भएर राजनीतिक दललाई मत दिने व्यवस्थालाई *"समानुपातिक निर्वाचन प्रणाली"* भनिन्छ ।**

उम्मेदवारको पृष्ठभूमिलगायत उसको योग्यता, क्षमता र लोकतन्त्रप्रतिको प्रतिबद्धताको बारेमा चासो राखेर योग्य उम्मेदवारको छनोट गर्न सकिन्छ ।

## संविधानसभा सफल बनाउन कस्तो सहकार्य गर्नुपर्छ ?

संविधानसभा एक महान् राष्ट्रिय संकल्पको अभियान हो । यो अभियान राजनीतिक प्रकृतिको भएकाले एक्लाएक्लै भन्दा पनि सामूहिक रूपमा आवाज उठाएमा प्रभाव पार्न सकिन्छ । नयाँ संविधान निर्माण प्रक्रियामा व्यक्तिभन्दा पनि समूहको संलग्नतामा काम गर्न सजिलो हुन्छ । त्यसैले संविधान निर्माण प्रक्रियामा सहभागी बन्न आ–आफ्नो समुदायको सदस्यहरूसँग सहकार्य गर्नु प्रभावकारी हुन्छ ।

## संविधानसभा सदस्य हुन चाहनेसँग नागरिकले सोध्नुपर्ने प्रश्न :

- नयाँ नेपाल बनाउने कस्तो योजना छ ?
- राजसंस्थाको बारेमा कस्तो धारणा राखिएको छ ?
- नयाँ संविधानमा के कस्ता कुराहरू समट्ने सोचाइ रहेको छ ?
- राष्ट्रिय र स्थानीय निर्वाचन प्रणाली कस्तो अपनाउने हो ?
- प्रशासनलाई चुस्त बनाउनका लागि कस्तो व्यवस्था गरिन्छ ?
- न्यायालयमा हुने भ्रष्टाचार रोक्न कस्तो व्यवस्था गरिन्छ ?
- नयाँ संविधानले नागरिक अधिकारलाई कसरी सुरक्षित गर्दछ ?
- नयाँ संविधानले नागरिकको जीवनमा कस्तो परिवर्तन ल्याउँछ ?
- संविधानसभाको प्रक्रिया कहिलेसम्म टुंगिन्छ ?
- नयाँ संविधानलाई कसरी पारित गरिन्छ ?
- संविधानसभाको प्रक्रियामा नागरिक कसरी सहभागी बन्न सक्छन् ?
- नयाँ संविधानमा भ्रष्टाचारी र मानवअधिकार विरोधीहरूलाई कारबाही गर्ने व्यवस्था कस्तो राखिन्छ ?

## नयाँ संविधानले के गर्न सक्दैन ?

मुलुकका लागि प्रभावकारी संविधान चाहिन्छ भन्ने कुरा अबको विवाद होइन । तर प्रभावकारी भनिएको संविधानले मात्रै मुलुकका यावत् समस्याको समाधान एकैपटक गर्न भने सक्दैन । नागरिकको व्यापक सहभागिता र तयारीबाट बनेको संविधानले पनि रातारात नयाँ रोजगारी सिर्जना गरेर देशलाई आर्थिक रूपमा सम्पन्न गर्न सक्दैन । तर, संविधानसभाबाट बनेको नयाँ संविधानले भविष्यमा बन्ने सरकारको संरचना र त्यसको लागि उपयुक्त मार्गनिर्देशन भने प्रदान गर्दछ । त्यसैले देशको विद्यमान समस्याबाट निकास खोज्नका लागि मिलेर काम गर्नुपर्ने जिम्मेवारी सम्पूर्ण नेपाली जनता र भविष्यमा बन्ने सरकारले लिनुपर्ने हुन्छ । ■

**मुख्य रूपमा "खुला सूची" र "बन्द सूची" प्रणाली प्रचलनमा रहेका छन् ।**

## के दिन सक्छ ?

- राजतन्त्रबारे अन्तिम निर्णय
- राजनीतिक द्वन्द्वको अन्त्य
- शान्ति स्थापना
- नयाँ लोकतान्त्रिक संविधान
- जनतामा सार्वभौमसत्ता
- राज्य संरचनाको स्वरूप
- निर्वाचन प्रणाली
- नागरिक अधिकार
- राजनीतिक निर्णय

# संविधानसभाले



## के दिन सक्दैन ?

- बाटाघाटो
- विद्यालय
- अस्पताल
- धारा
- पानी
- बिजुली
- सञ्चार
- जागिर
- पैसा

**सम्पर्क: असल शासन कार्यक्रम, प्रो पब्लिक, अनामनगर, काठमाडौं, नेपाल, फोन: ४२६८६८१, फ्याक्स: ४२६८०२२**
**E-mail: kedar.khadka@propublic.org Website: www.propublic.org**